# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क
फोन नं. ९८६८२९४३१०, ९८४८१०५८२८
Website: www.aathbiskotmun.gov.np


पत्र संख्या:२०७९/०८०(शिक्षा ) मितिः २०७९ /१२/२३

चलानी नम्बर : .........

**विषयः- विपन्न लक्षित छात्रवृत्ति फारम अपलोड गर्ने सम्बन्धि अन्तिम ताकेता सम्बन्धमा ।**

श्री सामुदायिक माध्यमिक विद्यालय (सबै )
आठविसकोट नगरपालिका रुकुम (पश्चिम )।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र च.नं.४६, मिति २०७९/११/०८ को विपन्न लक्षित छात्रवृत्ति लागि फारम भर्ने भराउने सम्बन्धि पत्र र मिति २०७९/११/११ गतेको प्रधानाध्यापक बैठकमा भएको निर्णय अवगत नै होला ।सो सम्बन्धमा हाल सम्म तीन वटा विद्यालयले मात्र विपन्न लक्षित छात्रवृत्ति फारम भरी अपलोड गरिएको पाइयो ।
यस सम्बन्धि विस्तृत विवरण यसै साथ संलग्न पत्र बाट अवगत भइ सोहि अनुसार गर्नु गराउनुहुन अनुरोध छ। यदि तोकिएको समयमा सो कार्य सम्पन्न नभइ विपन्न लक्षित छात्रवृतिबाट बञ्चित भएमा सम्बन्धित विद्यालय नै जवाफदेही हुने व्यहोरा समेत सूचित गरिन्छ।

2065/12/23

इन्द्र बहादुर विष्ट
निमित्त प्रमुख प्रशासकीय अधिकृत

4/6/23, 1:54 PM

media_file-1-61324883.jpg (1032×1600)

नेपाल सरकार
शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
समावेशी शिक्षा शाखा
सानोठिमी, भक्तपुर

प.सं. २०७९/०८०
च.नं. ४६

मिति : २०७९/११/०८

श्री सामुदायिक विद्यालयहरू ।

विषय: विपन्न लक्षित छात्रवृत्तिका लागि फारम भर्ने भराउने सम्बन्धमा ।

सामुदायिक विद्यालयका माध्यमिक तह (कक्षा ९–१२) मा अध्ययनरत विद्यार्थीहरूलाई आ.व. २०८०/८१ मा विपन्न लक्षित छात्रवृत्ति उपलब्ध गराउने प्रयोजनका लागि शैक्षिक सत्र २०७९ मा कक्षा ८ र १० मा अध्ययनरत विद्यार्थीहरूले देहायबमोजिम PMT (Proxy Means Testing) फाराम भर्न तथा सम्बन्धित विद्यालयहरूले भराउन निर्णयानुसार अनुरोध छ ।

१. विद्यालयहरूले आफ्नो User र पासवर्ड प्रयोग गरी https://iemis.cehrd.gov.np बाट PMT Template डाउनलोड गर्ने र विद्यार्थीहरूलाई फारम उपलब्ध गराउने ।
२. विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०७८ को प्रक्रिया पुऱ्याई फारम भर्ने भराउने ।
३. उक्त Template मा Macro enable गरी विद्यार्थीहरूले भरी विद्यालयमा पेस गरेको PMT Template अनुसारको विवरण अद्यावधिक गर्ने ।
४. विद्यार्थी विवरण अद्यावधिक गरिएका PMT Template लाई iemis.cehrd.gov.np मा विद्यालयको User र पासवर्ड प्रयोग गरी अपलोड गर्ने ।
५. कक्षा ८ र १० दुवै कक्षा सञ्चालन भएका विद्यालयले दुवै कक्षाका विद्यार्थीहरूको विवरण एउटै Template मा Update गर्ने ।
६. PMT फाराम २०७९ फागुन १० देखि चैत्र ९ गतेभित्र विद्यार्थीहरूलाई भराउने र चैत्र मसान्तभित्र अपलोड गरिसक्नुपर्नेछ । निर्धारित म्याद भन्दापछि अपलोड भएका फारामहरू मान्य हुने छैनन् ।

मुक्तादेवी पोखरेल
शाखा अधिकृत

बोधार्थ :-
श्री स्थानीय तह (सबै) : समन्वय एवम् सहजीकरणका लागि अनुरोध छ ।
श्री शिक्षा विकास तथा समन्वय इकाई: उपर्युक्त कार्यका लागि स्थानीय तहहरू तथा विद्यालयहरूसँग समन्वय तथा सहजीकरण गर्नु गराउनु हुन अनुरोध छ ।